



## उत्तरगङ्गा नदी



गाउँपालिका अध्यक्ष श्री पुनीराज घर्तीज्यूले गाउँसभामा पेश गर्नुभएको

## आर्थिक वर्ष २०८२/०८३ को

# 'वार्षिक नीति तथा कार्यक्रम'

## पुथा उत्तरगङ्गा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### तकसेरा, रुकुम (पूर्वी भाग)
### लुम्बिनी प्रदेश, नेपाल

**अनुमोदन मिति : २०८२।०३।०५ गते**

**पुथा उत्तरगङ्गा गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

१. यस गरिमामय सभाको बैठकमा पुथा उत्तरगङ्गा गाउँपालिकाको गाउँ सभा अध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ति तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न समयमा भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै सशस्त्र जनआन्दोलनका शहिद,घाइते, वेपत्ता परिवार एवम् अपाङ्गता भएका व्यक्ति लगायत आम जनसमुदाय प्रति उच्च सम्मान प्रकट गर्दछु ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

अब, म नेपालको संविधान, नेपाल सरकारको **"समृद्ध नेपाल: सुखी नेपाली"** हुने दीर्घकालीन सोच र राष्ट्रिय आकांक्षा एवम् लुम्बिनी प्रदेश सरकारको **"समृद्ध प्रदेश:खुसी जनता"** र दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गर्दै पुथा उत्तरगङ्गा गाउँपालिकाको **"समृद्ध पुथा उत्तरगङ्गा हाम्रो एकता; सुसंस्कृत र खुसी जनता"** हुने दीर्घकालीन सोच र स्थानीय जनताको विकासको चाहनालाई परिपूर्ति गर्न स्थानीय सरकार सञ्चालन ऐनको दफा १६ को उपदफा ४ (क.३) मा उल्लिखित व्यवस्था अनुसार आगामी आ.व. २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सभाका सम्पूर्ण सदस्यज्यूहरू,**

चालु आ.व. २०८१।०८२ का चुनौति र अवसरलाई मनन् गर्दै सरकारी, निजी र सहकारी क्षेत्रको लगानी विस्तार गरी उत्पादन, उत्पादकत्व र रोजगारीका अवसर बढाउने, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी उच्च आर्थिक वृद्विको आधार तयार गर्ने तर्फ आगामी आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रमलाई जोड दिएको छु ।

**आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन् :**

**क.** अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्दि हासिल गर्ने,
**ख.** गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने,
**ग.** लगानी मैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको मनोबल उच्च पार्ने र आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने,
**घ.** गुणस्तरीय भौतिक पूर्वाधार, विद्युतीकरणमा विस्तार एवम् पूर्वाधारको दिगोपना कायम गर्ने,
**ङ.** सङ्घीयताको सबलीकरण र सुशासन कायम गर्ने,
**च.** बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारीता अभिवृद्दि गर्ने,
**छ.** पुथा उत्तरगङ्गा गाउँपालिकाको "समृद्ध पुथा उत्तरगङ्गा हाम्रो एकता; सुसंस्कृत र खुसी जनता" नारालाई दीर्घकालीन बनाउने,
**ज.** गुणस्तरीय शिक्षा एवम् स्वास्थ्यको पहुँचको प्रत्याभूति गराउने,
**झ.** घरेलु तथा साना उद्योग एवम् सहकारी प्रवर्द्दन गर्ने,
**ञ.** कृषि र पशु क्षेत्रको विकास एवम् विस्तार र स्थानीय रैथाने बालीको प्रवर्द्दन एवम् बजारीकरण गर्ने,
**ट.** पर्यटन प्रवर्द्दनमा जोड दिने

पुथा उत्तरगङ्गा गाउँपालिका

ठ. वातावरणीय सरसफाई र पर्यावरण, जडिबुटी तथा वन्यजन्तु संरक्षण एवम् विपद् व्यवस्थापनमा जोड दिने,
ड. लैङ्गिक समानता कायम गर्ने,
ढ. पुथा उत्तरगङ्गा गाउँपालिकाको भाषा तथा संस्कृतिको जगेर्ना गर्ने ।
ण. यस गाउँपालिकाका नागरिकलाई सूचना प्रविधि क्षेत्रको पहुँचमा पुऱ्याउने ।

**माथि उल्लेखित उद्देश्यअनुसार नीति तथा कार्यक्रमका प्राथमिकताहरू निम्नानुसार रहेका छन् :**

क. आर्थिक सुधार एवम् निजी क्षेत्रको प्रवर्द्धन,
ख. कृषि, उद्योग, वाणिज्य, को विकास
ग. श्रम, रोजगार, सहकारी, उर्जा र पर्यटन क्षेत्रको विकास,
घ. लगानी प्रवर्द्धन, स्थानीय रैथाने बालीहरूको बजारीकरण,
ङ. सामाजिक क्षेत्र (शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता)को विकास र सामाजिक न्याय एवम् सामाजिक सुरक्षा,
च. गुणस्तरीय भौतिक पूर्वाधार निर्माण,
छ. खानेपानी तथा सरसफाई,
ज. फोहोरमैला व्यवस्थापन
झ. राजश्व चुहावट प्रणालीमा सुधार र अर्थतन्त्रको प्रवर्द्धन,
ञ. वन,वातावरण तथा वन्यजन्तु एवम् जडिबुटीको संरक्षण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन,
ट. सुशासन तथा मानव संशाधन लगायत संस्थागत विकास र रोजगारी सिर्जना,
ठ. वित्तीय सङ्घीयताको सुदृढीकरण एवम् सार्वजनिक वित्त प्रणालीमा सुधार र सेवा प्रवाहमा सुधार सम्बन्धी नीतिहरू,
ड. सूचना प्रविधि र सञ्चारको विकास एवम् विस्तार,
ढ. खाद्य सुरक्षा एवम् पोषण,
ण. स्थानीय स्रोत साधनको जगेर्ना,

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

- **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति प्रणालीमा सुधार एवम् बजेटको प्रभावकारिता सम्बन्धी नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१. आगामी आर्थिक वर्ष देखि धेरै सङ्ख्यामा आयोजना र कार्यक्रम समावेश गरी स्रोत साधन छर्ने प्रवृत्तिमा सुधार गरी क्षेत्रगत प्राथमिकता भित्र पर्ने ठुला तथा रणनीतिक महत्त्वका, छिटो प्रतिफल दिने र बहुसङ्ख्यक जनताले लाभ प्राप्त गर्ने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिई बजेट विनियोजन गरिने नीति लिएको छु ।
२. विस्तृत सम्भाव्यता अध्ययन, जग्गा प्राप्ति लगायत पूर्व तयारी पूरा भई कार्यान्वयनमा जान सक्ने आयोजनालाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने नीति लिएको छु ।
३. खरिद प्रक्रियामा देखिएका समस्या समाधान गरी सार्वजनिक खरिदलाई सरल, पारदर्शी र प्रभावकारी बनाउन ऐन र नियमावली बमोजिम प्रभावकारी ढङ्गले प्रयोगमा ल्याइनेछ ।
४. यस गाउँपालिका मार्फत आगामी आर्थिक वर्ष का लागि विनियोजन गर्ने बजेट उत्पादनशील क्षेत्रमा परिचालन हुने प्रकृतिको नीति निर्माण गरेको छु ।साथै हरेक विकास निर्माणमा अनिवार्य सम्बन्धित

पुथा उत्तरगङ्गा गाउँपालिका

लाभग्राही, जनप्रतिनिधि र राजनितिकदलले अनिवार्य श्रम गर्ने नीति लिएकोछु । जसले स्थानीय स्रोत साधनको उच्चतम प्रयोग हुनुका साथै रोजगारीको अवसर प्राप्त भई आयमा वृद्दि हुने अनुमान गरेको छु ।

५. सडक, विद्यालय, स्वास्थ्य संस्था लगायतका आवश्यक विकास पूर्वाधारको नक्साङ्कन गरी जनता लाभान्वित हुने गरी आयोजनाको छनौट र कार्यान्वयन गरिनेछ । यस्ता विकासका कार्यहरूमा लक्षित वर्गहरू जस्तैः महिला, दलित, विपन्न नागरिक, पिछडिएका वर्ग, जेष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, शहिद परिवार, घाइते र अल्पसङ्ख्यक यौनिक समेतका आवश्यक सुझावहरूलाई ध्यानमा राखि प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ ।

६. सरकारका नियमित संरचनाबाट सम्पादन हुने कामका लागि अलग्गै संरचना वा निकाय सिर्जना गर्न र परामर्श सेवा लिन तथा स्वीकृत दरबन्दी भन्दा बढी सङ्ख्यामा सेवा करारमा लिन रोक लगाइनेछ ।

७. गाउँपालिका बासिको सहजताका लागि प्रत्यक वडा केन्द्रमा एकीकृत घुम्ति शिविरको व्यवस्था गर्ने नीति लिएकोछु ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

- **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्द्दन तर्फका नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१. अर्थतन्त्रको संरचनागत रूपान्तरण गर्न आर्थिक सुधार कार्यक्रम अगाडि बढाइने छ । स्वदेशी र विदेशी पर्यटकहरूको आकर्षणको विकास, सूचना प्रविधि तथा नवप्रवर्तन एवम् गाउँपालिका भित्रका विभिन्न खानीहरूको नवीनत्तम खोज र अनुसन्धानका साथै निजी क्षेत्रलाई आर्थिक विकासको संवाहक बनाउनेतर्फ जोड दिइनेछ । यसैगरी व्यवसायमैत्री वातावरण सिर्जना गरी पर्यटक एवम् निजी क्षेत्रको मनोबल बढाइने र उत्पादन र उत्पादकत्व वृद्दि गर्न नीतिगत सुधारको लक्ष्य लिएकोछु ।

२. स्थानीय स्तरमा उत्पादन हुने रैथाने बाली, उद्यम विकासका क्षेत्रबाट निर्मित स्थानीय स्रोत एवम् साधनहरूको प्रयोग गर्न, सङ्कलन एवम् बजारीकरण गर्नका लागि आवश्यक मापदण्ड निर्माण गर्ने नीति लिएको छु । यसैगरी स्थानीय भाषा, कला तथा संस्कृतिको जगेर्ना, पर्यटकीय क्षेत्रहरूको संरक्षण एवम् प्रवर्द्दन गरी आन्तरिक र बाह्य पर्यटकको आवागमनलाई वृद्दि गर्ने नीति लिएको छु ।

३. आगामी आर्थिक वर्ष कार्यक्रम र आयोजनाको औचित्य तथा आवश्यकताको समीक्षा र जनताले गाउँपालिकाभित्र हुने विकास निर्माणका कार्यमा अपनत्त्व लिने गरी बजेट प्रणालीमा थप सुधार र पुनर्संरचना गर्ने नीति अपनाइनेछ ।

**सभाका सम्पूर्ण सदस्यज्यूहरू**

- **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को कृषि तथा पशुपञ्छी सेवा लगायत लगानी प्रवर्द्दन एवम् स्थानीय रैथाने बालीहरूको बजारीकरण सम्बन्धी नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- "**कृषि जीवनको आधार**" भन्ने कुरालाई स्मरण गर्दै पुथा उत्तरगङ्गा गाउँपालिकाका ८० प्रतिशत भन्दा धेरै नागरिकको मुख्य पेशाको रुपमा रहेको कृषि क्षेत्रलाई निर्वाहमुखीबाट आधुनिक एवम् व्यवसायिक

बनाउँदै लगिनेछ । गरिबीको रेखामुनि रहेका नागरिकहरुका लागि आगामी आर्थिक वर्ष देखि "**अति विपन्न परिवारका लागि कृषिमा आधारित आयआर्जन कार्यक्रम**" सञ्चालन गरिनेछ । यस गाउँपालिकामा **पर्यावरणमा आधारित पुनरुत्पादक कृषि प्रबिधि**लाई प्राथिमकतामा राखी उन्नत कम्पोष्ट मल, जैविक झोल मल, वाली चक्र प्रविधि, लगायतका जलवायु मैत्री कृषि उत्पादनलाई प्राथमिकतामा राखी प्रर्वद्धन गराइनेछ । साथै रसायनीक मल तथा जलवायुमा प्रत्यक्ष असर पर्ने किटनासक औषधी आयातमा रोक लगाइने छ ।

- गाउँपालिका भित्र उत्पादन हुने बहुमुल्य जडिबुटीको व्यवस्थापन तथा संरक्षण र प्रवद्धर्नको लागि कृषि अनुसन्धान केन्द्र स्थापन गरिनेछ ।
- पुथा उत्तरगङ्गा गाउँपालिका ओखर, स्याउ, आलु, सुन्तला, किवी, कागती तथा टिमुर लगाएतका फलफुल एवम् नगदेवालीको उत्पादनको लागि अत्यन्तै सम्भावना बोकेको क्षेत्र हो । यस्ता कृषि उपजहरुको उत्पादन प्रवर्द्धन गर्न **उत्पादनमा आधारित प्रोत्साहन** कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिका भित्र स्याउ खेती गर्ने कृषकले स्याउको बगैचाभित्र अनिवार्य रूपमा जडिबुटि खेती तथा तरकारी लगायतका अन्य बाली खेति गर्न गाउँपालिका मार्फत निःशुल्क बिउ वितरण गरी खेती विस्तारका लागि कृषकहरूलाई प्रोत्साहन गरिनेछ । साथै गाउँपालिका भित्र उत्पादन हुने सुन्तला, स्याउ, आलु लगायतका फलफुलहरुलाई प्रमाणिकरण गर्न पहल गरिनेछ ।
- जडिबुटीको उत्पादन संकलन विक्रि वितरण गर्ने कृषकहरुलाई गाउँपालिकाले बजारिकरणका लागि आवश्यक सहजिकरण गर्नुका साथै प्रोहत्सानको व्यवस्था गरिनेछ ।
- यार्सा लगायत अन्य बहुमुल्य जडिबुटीलाई व्यवसायीकरण गर्दै पालिकाको आन्तरिक आयमा सहयोग पुर्याउने वडाहरुलाई संकलन गरे बमोजिम वडाका बासिन्दाहरुलाई कृषि क्षेत्रमा विकास गर्नका लागि अनुदान उपलब्ध गराइनेछ।
- गाउँपालिका भित्रका कृषकहरूले उत्पादन गरेका विभिन्न फलफुल एवम् नगदेबालीहरूको सङ्कलन र भण्डारण गरी उत्पादित कृषि उपजहरुको बिक्री वितरणमार्फत स्थानीय आर्थिक वृद्दि हासिल गर्दै रोजगारीको अवसर दिलाउन गाउँपालिका भित्र उत्पादन हुने स्याउ सुन्तलाको सुरक्षित भण्डारण गर्न वडा नं ६, १० र १२ मा सोलार चिस्यान केन्द्र स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- भाङ्गोजन्य पदार्थलाई व्यवस्थित तरिकाले उत्पादन गर्दै संरक्षण गर्नका लागि गाउँपालिकाको नीति नियम बमोजिम उत्पादन गर्ने कृषकहरुलाई प्रोहत्साहन स्वरुप मल र उन्नत जातका विउविजन उपलब्ध गराइनेछ ।साथै कृषकले उत्पादन गरेको भांगोजन्य पदार्थको प्रशोधनको लागि तेल उद्योग, कपडा उद्योग र कागज उद्योग संचालनको लागि PPT मोडल अवलम्मन गरिनेछ।
- पुथा उत्तरगङ्गा गाउँपालिकालाई कृषि क्षेत्रमा आधुनिकीकरण एवम् व्यवसायिक बनाउँदै यस क्षेत्रको कृषि बजारीकरणमा फड्को मार्न कृषकको मागको आधारमा साना मेशिनरी औजार वितरण गर्दै उनिहरुको दक्षता अभिवृद्धि गर्न पालिकामार्फत प्रयोगात्मक तालिम तथा गोष्ठिहरू सञ्चालन गरिनेछ।
- पालिका भित्रको मुख्य खाद्यान बालीको रुपमा रहेको मकै, गहुँ, जौं,उवा, कोदो, फापर, चिनो, कागुनो, भटमास, हिमाली धान खेतिलाई प्रोत्साहन र आत्मनिर्भर बनाउनुका साथै यस्ता बालीहरूको प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइने छ।

- गाउँपालिका भित्रका माटोको स्वास्थ्य तथा गुणस्तर परीक्षण, पिएच मापन र उपचार कार्यलाई अभियानको रूपमा सञ्चालन गर्दै दुर्गम तथा पिछडिएका क्षेत्रमा  बेमौसमी तरकारी बाली उत्पादनका लागि कृषकहरूलाई प्रोत्साहन गरिनेछ ।
- पालिका भित्रको मुख्य तरकारी तथा दलहन बालीको रुपमा रहेको सिमी, आलु, सागसब्जी जस्ता उत्पादित तरकारी तथा दलहन बालीको निर्यातमा वृद्दि गर्न तरकारी एवम् दलहन बाली प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

- गाउँपालिकालाई व्यवसायिक कृषि उत्पादनको केन्द्र बनाउन सुन्तला, कागती, किवि ओखर तथा उच्च घनत्वका स्याउ लगायतका विरुवा खरिदमा अनुदान उपलब्ध गरिनेछ ।
- गाउँपालिका भित्र मुख्य उत्पादनको रुपमा रहेको आलु खेतिलाई थप विस्तार गर्न आलु पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरिनेछ ।गाउँपालिकाका विभिन्न वडाहरुमा उत्पादन हुने स्याउ र सुन्तलामा ढुवानी अनुदानको व्यवस्था गरिनेछ।
- कृषकहरुसँगको लागत साझेदारीमा माटो व्यवस्थापन तथा बगैंचा सुधार  सिँचाई मर्मत सम्भार, बेमौसमी तथा नविनतम कृषि प्रविधि तथा बीँउ उत्पादन जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । साथै मागको आधारमा कृषकहरुलाई मौसमी फलफुलका बिरुवा र उन्नत जातको बीँउ निःशुल्क उपलब्ध गराईनेछ ।
- गाउँपालिका भित्र रहेका किसानहरुको अभिलेख राख्नका लागि किसान सूचीकरण कार्यक्रम र कृषि पशुपन्छीहरुको तथ्याङ्क व्यवस्थापनको लागि कृषि तथा पशुपन्छी तथ्याङ्क संकलन कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुजन्य उत्पादनलाई बढावा दिन आगामी आर्थिक वर्ष "**बाख्रा पकेट विकास कार्यक्रम**" लाई निरन्तरता दिइनेछ ।साथै गाउँपालिका भित्र रहेका व्यवसायीक भेडा पालक किसानहरुलाई प्रोत्साहन स्वरुप गोठालो कुरुवा घर निर्माण तथा व्यवस्थापन गरिनेछ ।
- गाउँपालिका भित्र आयात हुने फरक प्रजातिका कुखुराहरुलाई प्रतिस्थापन गर्न स्थानीय प्रजातिका कुखुरा पालन गर्ने किसानहरुलाई अनुदानको व्यवस्था गरिनेछ ।
- पशुपन्छीपालन पेशालाई आधुनिकीकरण गर्दै व्यावसायिक र आत्मनिर्भर बनाउनका लागि पशुपन्छी पालनसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । गाउँपालिका भित्र रहेका विकट वडा तथा बस्तिहरूलाई पशु प्राविधिकहरुको पहुँचसम्म पुऱ्याउनका लागि "**किसानसँग पशु प्राविधिक कार्यक्रम**" लाई निरन्तरता दिइनेछ ।
- पशुपन्छी पालन गर्ने किसानका लागि आधारभुत भेटेरिनरी सेवा, महामारी रोग नियन्त्रण, बाँझोपना निवारणको लागि पशु स्वास्थ्य शिविर र पशुपन्छीको लागि आवश्यक निशुल्क खोपको व्यवस्था गरिनेछ । पशुपन्छीमा लाग्ने विभिन्न रोगहरु पहिचान गरी उपचार गर्न यस गाउँपालिकाभित्र आधारभुत पशुपन्छी रोग अन्वेषण प्रयोगशाला स्थापना  गरिनेछ ।
- अण्डा, मासु  र दुधमा आत्मनिर्भर बनाउन **उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम** सञ्चालन गर्दै सम्भावित क्षेत्रहरुमा नमुना भेडा फर्म, बाख्रा फर्म, कुखुरा फर्म, बंगुर फर्म, गाईभैसी फर्महरु तथा समूहलाई सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र अन्य साझेदार निकायहरुसँगको सहकार्यमा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

- पशुपञ्छीहरुमा लाग्ने रोग नियन्त्रणको लागि आवश्यक औषधिहरुको व्यवस्था गरिनेछ । कृषकको मागको आधारमा पशुपञ्छीहरु सम्बन्धी बिभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । पशुपञ्छीहरुमा लाग्ने रोगहरुको बारेमा चेतना अभिवृद्धि गराउन विभिन्न वडाहरुमा कृषकहरुलाई र विद्यालयहरुमा विद्यार्थीहरुलाई सचेतना अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै पशु प्राविधिकहरुको क्षमता विकासको लागि विभिन्न क्षमता विकास तालिममा सहभागी गराइनेछ ।
- गाउँपालिका भित्रका सबै कृषकलाई सक्षम र दक्ष बनाइ सक्रिय बनाउन जनप्रतिनिधी सँगसँगै कृषि कार्यक्रममा सहभागी हुनको लागि वडा अध्यक्षसँग कृषक कार्यक्रम सञ्चालन गरिनेछ ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

- ❖ **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को उद्योग, वाणिज्य र उद्दमशीलता सम्बन्धी नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**
- नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न बजारको नियमित अनुगमन गर्ने, अखाद्य वस्तुको विक्री वितरणलाई पूर्णरुपमा नियन्त्रण गर्ने, कालोबजारी नियन्त्रण गर्ने र खाद्य संस्थानसँग आवश्यक समन्वय र पहल गरी खाद्यान्नको पर्याप्त आपुर्ति र भण्डारको व्यवस्था गरिनेछ ।
- लघु तथा घरेलु उद्योगबाट गाउँपालिकाभित्रका नागरिकलाई रोजगारीमा जोड्दै आर्थिक उन्नतिको लागि सञ्चालनमा आएका लघु, घरेलु तथा साना उद्योगलाई गाउँपालिकाको दायरामा ल्याई प्रोत्साहन गरिनेछ ।
- गाउँपालिकामा लघु उद्यमको विकास एवम् प्रवर्द्धन गर्न लघु उद्यम विकास कार्यक्रम मार्फत विभिन्न नयाँ उद्यमीहरु सिर्जना गर्दै लगिनेछ भने पुराना उद्यमीहरुलाई पुनर्ताजगी तालिम उपलब्ध गराईनेछ । युवाहरुमा उद्यमशीलता प्रवर्द्धन गर्न आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाका भित्र स्थानीय मदिराको ब्रान्डिङ, लेवलिङ गरी गाउँपालिकाको आन्तरिक राजश्वमा वृद्धि गर्न गाउँपालिकाको स्थानीय मदिरा प्रवर्द्धन तथा व्यवस्थापन ऐन बमोजिम स्थानीय मदिरा उद्योग स्थापना गर्ने नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- गाउँपालिकाभित्र पर्याप्त मात्रामा रहेका भेडाको ऊन, बाख्राको ऊन, अल्लो, निगालो र बाँसको चोया जस्ता कच्चा पदार्थहरूबाट परम्परागत रूपमा निर्माण गरिने विभिन्न सामाग्रीहरूको संरक्षण एवम् संवर्द्दन गर्दै गाउँपालिकाको चिनारी हुनेगरि उत्त्पादन र बिक्री वितरण एवम् बजारीकरणका लागि आवश्यक पहल गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत वडा नं २ पेल्मामा आर्थिक वर्ष २०८०।०८१ देखि गाउँपालिका र प्रदेश सरकारसँगको साझेद्धारीमा हिमाली जैविक कृषि बहुउद्देश्यीय सहकारी संस्थाले सञ्चालनमा ल्याएको स्याउ ब्रान्डिङ सम्बन्धी उद्योगलाई थप व्यवस्थित बनाउँदै ब्रान्डिङको लागि उपयुक्त बजारीकरणका साथै प्रचारप्रसारमा जोड दिइनेछ । गाउँपालिका भित्रका अन्य वडाहरुमा उत्पादन हुने स्याउ लगायत अन्य फलफुलहरूको ब्रान्डिङ गर्न उद्योग स्थापनाको लागि पहल गरीनेछ ।

❖ **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को सहकारी एवम् वित्तीय क्षेत्र र श्रम तथा रोजगार सम्बन्धी नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार साथै सहकारी ऐन र नियमावलीमा भएको व्यवस्था अनुसार पुथा उत्तरगङ्गा गाउँपालिकामा दर्ता भएका सहकारीहरुलाई स्थानीय उत्पादन तथा प्रवर्द्धनमा लगानी गर्न पहल गरिनेछ ।
- गाउँपालिकाभित्रका किसानको स्थानीय उत्पादनलाई संकलन र बजारिकण गर्न कोशेली घर स्थापना गरिने छ ।
- पूर्ण रुपमा सहकारीहरूलाई गाउँपालिकाको नियमनको पहुँचमा पुऱ्याउने गरी सहकारी हेर्ने शाखालाई थप व्यवस्थित गरिनेछ ।
- सहकारीहरुको यथार्थ अवस्थाको बारेमा तथ्याङ्क सङ्कलन गरी गाउँपालिकाका नागरिक लगायत शहिद तथा बेपत्ता परिवार, घाईते तथा अपाङ्गहरुलाई सहकारीसँग आवद्ध गरी रोजगारी सिर्जना गर्न आवश्यक पहल गरिनेछ।
- गाउँपालिका भित्रका बेरोजगार युवाहरूलाई श्रम, सहकारी एवम् उपभोक्ता समिति दर्ता प्रक्रियाको लागि आवश्यक मापदण्ड निर्माण गरी स्वरोजगार बनाउन आवश्यक पहल गरिनेछ ।
- गरिब तथा वञ्चितीकरणमा परेका समुदायको पहुँच र क्रयशक्ति अनुरूप आगामी आर्थिक वर्षमा गाउँपालिकाको केन्द्रमा सुपथ मूल्य सहकारी पसल स्थापना गर्न पहल गरिनेछ ।
- विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा गाउँपालिका भित्रका बेरोजगार व्यक्तिहरुलाई सिपमुलक तालिमहरु उपलब्ध गराईनेछ ।
- महान जनयुद्ध तथा विभिन्न आन्दोलनका शहिद तथा व्यपत्ता परिवार, घाइते अपाङ्ग तथा अति विपन्न परिवारका लागि आयआर्जन मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउँदै दिगो र प्रभावकारी एवम् परिणाममुखी योजना छनौट गर्नुपर्ने नीति लिएको छु ।
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत वैदेशिक रोजगारमा जान चाहने युवाहरूका लागि गाउँपालिका बाटै श्रम स्वीकृती दिने व्यवस्थालाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ ।साथै सूचना तथा परामर्श, कानुनी सहयोग, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र सीप विकास तालिमका लागि सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चालन गरिनेछ ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को ठूला मेगावाटका जलविद्युत, लघु तथा साना जलविद्युत एवम् वैकल्पिक उर्जाका अन्य स्रोतहरू सम्बन्धी नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- यस पुथा उत्तरगङ्गा गाउँपालिकामा करिब ५०० मेगावाट जलविद्युत उत्पादन गर्न सकिने क्षमता भएका विभिन्न हिमनदीहरू जस्तै : उत्तरगङ्गा नदी, सानोभेरी नदी र उक्त नदीको मुहान क्षेत्रमा पर्ने पेल्मा नदी, घोस्तुङ नदी र रन्माली नदीबाट जलविद्युत उत्पादनको लागि विस्तृत सम्भाव्यता अध्ययन भई कामकाजको प्रक्रियामा रहेका जलविद्युत आयोजनाहरूलाई छिटो विद्युत उत्पादन गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।

- पुथा उत्तरगङ्गा गाउँपालिकालाई उर्जाको क्षेत्रमा सक्षम र अब्बल बनाउनका लागि गाउँपालिकाको सबै वडाहरुमा केन्द्रीय लाइन जडान तथा विद्युतीकरण गर्न विशेष पहल गरिनेछ ।
- पुथा उत्तरगङ्गा गाउँपालिकाभित्र सञ्चालनमा रहेका विभिन्न लघु तथा साना जलविद्युतहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ । त्यस्ता जलविद्युतहरूको मर्मत सम्भार एवम् क्षमता विस्तारको लागि आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकाका अधिकांश क्षेत्रमा सौर्य तथा जलविद्युत उर्जाको पहुँच पुऱ्याइने छ । जसका लागि निर्मित विद्युत संरचनाको लाईन विस्तार गर्दै लगिनेछ भने भौगोलिक विकटताले विद्युतको पहुँचमा पुऱ्याउन कठिनाइ हुने कठिन भूगोलका क्षेत्र एवम् अति विपन्न परिवारहरुलाई अनुदान स्वरुप सोलार सेटहरू उपलब्ध गराउन प्रदेश सरकारसँग पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा थप उर्जाको उत्पादन गर्न वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग आवश्यक समन्वय गरिनेछ । साथै यस गाउँपालिकाको वडा नं. ११ मा निर्माणाधिन सानोभेरी उत्तरगङ्गा साना जलविद्युत परियोजना (९९८ किलोवाट) को निर्माण कार्यलाई प्रभावकारी रूपले अगाडि बढाउन सहजिकरण गरिनेछ ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को पर्यटन सम्बन्धी नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- नेपालको एकमात्र ढोरपाटन शिकार आरक्षको करिब ६३ प्रतिशत भुभाग रहेको यस गाउँपालिका पर्यटन क्षेत्रमा अत्यन्तै सम्भावना बोकेको क्षेत्र हो । पुथा हिमाल र उत्तरगङ्गा नदीको बीचमा रहेका विभिन्न भौगोलिक विविधता र विषमता, उच्च पहाडी र हिमाली हावापानी, खोलानाला तालतलैया र वन पैदावारहरु, हिमाली पदमार्गहरु र आदिवासी जनजाती मगर समुदायको रीतिथिती, भेषभुषा तथा संस्कृति एवम् रहनसहन पर्यटक आकर्षण गर्ने प्रमुख आधारहरु हुन । यी विषयहरुलाई मध्यनजर गर्दै पर्यटन प्रवर्द्धन गर्न आगामी आर्थिक वर्षमा **वृहत पर्यटन गुरुयोजना** तयार गर्दै पर्यटकीय क्षेत्रहरुको अनुसन्धान र अन्वेन्शनको लागि पहल गरिनेछ ।
- गाउँपालिकाको १४ वटा वडाहरुलाई धार्मिक, सांस्कृतिक, इतिहास र उत्पादनको आधारमा नामाकरण गरी सोही अनुरुप विकासको लागि बजेटको व्यवस्थापन गरिनेछ ।
- पछिल्लो समय पर्यटकको रोजाई मा रहेको वडा नं. १० को तक गाउँ गाउँलाई आगामी आर्थिक वर्ष जीवित साँस्कृतिक सङ्ग्रालययको रुपमा स्थापित गर्न पौराणिक भौतिक संरचनाहरु निर्माण गरिने छ । यस्तै वडा नं. १ को मैकोट गाउँलाई एकीकृत घनावस्ती योजनाको डिटेल इन्जिरिङ डिजाइन अनुसार **सहिद स्मृती साँस्कृतिक जीवित सङ्ग्रालय**को रुपमा विकास गर्न आवश्यक भौतिक संरचनाहरु निर्माण गरिनेछ । साथै गाउँपालिकाको अन्य वडाहरुमा पनि टिनको छाना हटाइ पौराणिक परम्परा झल्किने गरी पर्यटकीय दृष्टीले आकर्षक हुने खालका घर निर्माण गर्न प्रोत्साहन गरिनेछ ।
- पर्यटनको प्रचुर सम्भावना बोकेका क्षेत्रहरुलाई आवश्यक प्रचार प्रसार गर्न नसक्दा ओझेलमा परिरहेका छन । यसकारण गाउँपालिकाका पर्यटकीय क्षेत्रहरुको बारेमा जानकारी दिन **पर्यटन डकुमेन्ट्री** तयार गरिनेछ ।

- गाउँपालिकाको तकसेरालाई बागलुङको ढोरपाटनसम्म सडक सञ्जालको पहुँचमा पुर्याई पर्यटन मार्गको रुपमा स्थापना गरिनेछ ।
- पुथा उत्तरगङ्गा गाउँपालिकाको पर्यटन प्रवर्द्धनको लागि (तक-ठुलो खर्क-रामाजिमा- नमछैगोढह- जल्पा लेक- फागुने- ठाकुर- पेल्मा-मैकोट), (सुन्दह-रन्मा-गुल्जा झरणा- घुन्मा- मैकोट- पेल्मा- पुपाल- पुथा-), (रन्मा- सुन्दह- सिस्ने हिमाल- चारगाउँ- राङ्सी- कोल), (तकसेरा- ढोरपाटन- फागुने- पश्चिम धौलागिरी- पुथा- पुपाल- सुनदह- सिस्ने- चारगाउँ- कोल) लाई ट्र्याकिङ मार्गको रुपमा विकास गर्न नक्साङकन गरिनेछ ।
- पुथा उत्तरगङ्गा गाउँपालिकाको काजरजङ-ठाँकुर-फागुणे-रामाझिमा तकसेरा, पेल्मा तातोपानी-हिम-गुईबाङ-जुनाङ-दोगाडी हुँदै पुथा हिमाल बेस क्याम्प, रन्मा-सुनदह, प्रवु गुफ्फा-रक्तकुनदल ढह- बोक्सा ढह-लालपाटन-कुन्दला ढह साङ्ग्रे हिमताल-हुदै डोल्पा, दम्चन-घामताप्ने-छाप्राबाङ-दमबुकी हुदै चौरी बुकी, बिर्गुम-कुटेबास-राम्ला-रिसल्ला लगायतका पदमार्गहरुलाई पैदल पर्यटन मार्गको रुपमा स्थापना गरिनेछ र वडा नं १३ स्थित विर्गुम हिल पार्कको संरक्षण, प्रवर्द्दन एवम् व्यवस्थापन गर्न संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।
- पर्यटकहरुको सहजताको लागि गाउँपालिकाका विभिन्न पर्यटकीय क्षेत्रहरुमा पुग्न सिग्नल बोर्डहरु राखिनेछ भने पर्यटन पदमार्ग निर्माणको कार्यलाई निरन्तरता दिइनेछ । पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १२ क्यूबाङमा निर्माणाधीन अवस्थामा रहेको गाउँपालिकाको पहिचानसहितको स्मारिका निर्माण कार्यलाई निरन्तरता दिइनेछ। यसैगरी गाउँपालिकाको विभिन्न स्थानमा रहेको सम्भावित पर्यटकीय क्षेत्रहरुको संरक्षण र संवर्द्दन गरिनेछ ।
- जनयुद्दको क्रममा नेपालकै पहिलो एम्बुस द्वारा थ्री नत थ्री राइफल कब्जा भएको वडा नं.१२ स्थित क्यूबाङ घोस्कर र पहिलो एम्बुस भएको वडा नं. ११ स्थित छेरापाङ्गा लगायतका अन्य युद्धस्थलहरू, एम्बुस भएका स्थानहरूका साथै युद्ध स्थलमा आफ्नो ज्यानको बलिदानी दिने शहीदहरूको सम्झनामा विभिन्न खालका सिग्नल बोर्ड, शहीद पार्क, प्रवेश द्वार एवम् अन्य भौतिक संरचना निर्माण कार्यका साथै त्यस्ता स्थानहरूलाई युद्ध पर्यटनको रुपमा संरक्षण एवम् प्रवर्द्दन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- यस गाउँपालिकामा रहेका होमस्टेहरुले आन्तरिक एवम् बाह्य पर्यटकहरूलाई गाउँपालिकाभित्र उत्पादन भएका परिकारहरू अनिवार्य रूपमा खुवाउनुपर्ने कार्यलाई जोड दिइनेछ ।
- स्वास्थ्य पर्यटनलाई मध्यनजर गर्दै डिमुरगैरा तातोपानीलाई आगामी आर्थिक वर्षमा सम्पूर्ण डिजाइन तयार गरी आवश्यक भौतिक संरचना निर्माण गरी आन्तरिक र बाह्य पर्यटकलाई स्वास्थ्य पर्यटनको रुपमा लाभ लिन प्रचार प्रसार गरिनेछ । यस्तै पेल्मा तातोपानीलाई आवश्यक भौतिक संरचनाहरु निर्माण गरी थप व्यवस्थित गरिने छ । साथै गाउँपालिकामा परापूर्वकाल देखि नै चलि आएका चाडपर्वहरू, भूमे पर्व, माघे सक्रान्ति, मौलिक भाषा, कला, संस्कृति, विभिन्न धर्म र रीतिरिवाज लगायतका क्षेत्रहरूको संरक्षण एवम् प्रवर्द्दन कार्यलाई निरन्तरता दिइनेछ ।
- मगरहरूको उत्पत्ति भएको वडा नं २ पेल्माको तिमाजर भिरलाई प्रचारप्रसार गरी नेपालको जनजाति लगायत मगर समुदायको आकर्षणको रूपमा स्थापित गरिनेछ ।
- गाउँपालिकाको विभिन्न क्षेत्रहरूमा रहेका गुरिल्ला पदमार्ग र यार्सा ट्रेललाई व्यवस्थित गर्दै लगिनेछ भने पर्यटकहरुको गन्तव्य, खानपान र आवास लगायत सुरक्षा क्षेत्रलाई मध्यनजर गर्दै रिसोर्ट, होटेल, निजी तथा सामुदायिक होमस्टे निर्माण, सञ्चालन एवम् व्यवस्थापन गरिनेछ ।

- **"आर्थिक सुधारका लागि पर्यटन प्रमुख आधार"** भन्ने अभिभाराका साथ गाउँपालिकाभित्र रहेका विभिन्न पर्यटकीय क्षेत्रहरूको सम्पूर्ण विवरण सहितका प्रचारप्रसार मूलक सामाग्रीहरू रहनेगरी गाउँपालिका केन्द्रमा पर्यटन सूचना केन्द्र स्थापना गरिने छ। जसले स्वदेशी तथा विदेशी पर्यटकहरूको आवागमनको मात्रामा वृद्दि भई समग्र गाउँपालिकाको आर्थिक सुधारमा टेवा पुग्ने र पर्यटकहरूको नयाँ ठाउँमा हुने अन्यौलता कम भई गाउंपालिकामा अभिलेख समेट रहनेछ ।
- पुथा उत्तरगङ्गा गाउंपालिकामा परम्परागत रूपमा रहँदै आएको संस्कृति झल्काउने खालका साँस्कृतिक महोत्सव सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

**अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को शिक्षा, यूवा तथा खेलकुद क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- विद्यार्थी मैत्री शैक्षिक पूर्वाधार, आधुनिक प्रविधिको उच्चतम प्रयोग, दक्ष र योग्य शैक्षिक जनशक्ति तथा अनुशासन र स्वमूल्यांकनको माध्यमबाट शिक्षालाई गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य बनाउन अति विपन्न, तथा दलित, जेहेन्दार शहीद परिवार तथा द्वन्द्व पीडितका बालबालिका, यौनिक तथा अल्पसङ्ख्यक समूह, अपाङ्गता भएका बालबालिकालाई छात्रवृत्ति उपलब्ध बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको शैक्षिक क्षेत्रमा सकारात्मक विकासका लागि गाउँपालिका भित्र रहेका विद्यालय समायोजन निर्देशिका २०७८ अनुसार मापदण्ड पुगेका विद्यालयहरुलाई समायोजन तथा तह घटुवाको लागि प्रोत्साहन रकम उपलब्ध गराइनेछ । समायोजन हुने विद्यालयहरुलाई नियमानुसार विद्यालयको आन्तरिक व्यवस्थापन, सूचना प्रविधिमा विकास, भौतिक संरचनामा सुधार लगायतमा प्रोत्साहन रकम विनियोजन गरिनेछ । शिक्षक तथा कर्मचारीको लागि सेवा प्रवेश, सेवाकालिन तथा पुर्नताजकि तालिम गराइनेछ । साथै उत्कृष्ट शिक्षक तथा कर्मचारीलाई प्रोत्साहन भता उपलब्ध गराइनेछ ।
- विद्यालयको स्वच्छ खानेपानी र बालमैत्री शौचालय लगायत अति आवश्यक भौतिक संरचना निर्माणको लागि सामाग्री खरिदमा बजेट विनियोजन गरिनेछ भने अन्य श्रमको काम सम्बन्धित लाभग्राहीद्वारा श्रमदानको अभियान सञ्चालन गरिनेछ ।
- **"प्रयोग गरौ आ-आफ्नो बौद्धिक शक्तिः उत्पादन गरौं पालिका भित्रको जनशक्ति"**भन्ने आदर्शका साथ गाउँपालिका भित्रका स्थायी बसोबास गर्ने नागरिकहरूलाई लोक सेवा आयोग, शिक्षक सेवा आयोग, अध्यापन अनुमति पत्र का साथै SEE दिएका विद्यार्थीहरुका लागि सेतु पाठ्यांश (BRIDGE COURSE) तथा आधारभूत कम्प्युटर कक्षा जस्ता अतिरिक्त कक्षा सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ ।
- पुथा उत्तरगङ्गा गाउंपालिकाको शैक्षिक गुणस्तर अविवृद्धि गर्न अध्यक्षसँग विद्यालय कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सबै सामुदायीक विद्यालयहरुमा शैक्षिक वर्ष २०८२ देखि कक्षा १-८ सम्मको मगर खाम भाषाको पाठ्यक्रम निर्माण गरी क्रमश कक्षा १ देखि पाठ्यपुस्तक तयार गरी पठन पाठन कार्य सुरुवाट गरिनेछ ।
- वडा शिक्षा समित र गाउँ शिक्षा समितिलाई थप सक्रिय रुपमा जिम्मेवारी वहन गराई कक्षा ४ देखि ९ सम्मको अर्धवार्षिक र वार्षिक परिक्षालाई थप व्यवस्थित रुपमा सञ्चाल गरिनेछ ।साथै माथिल्लो क्षेत्रका

लागि ४-९ परिक्षा देउराली मावि हुकाम र तल्लो क्षेत्रका लागि महेन्द्र मावि तकसेरामा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

- पुथा उत्तरगङ्गा गाउँपालिका कार्यालयले निर्माण गरी शैक्षिक वर्ष २०८० देखि कार्यन्वयनमा आएको स्थानीय पाठ्यक्रम कक्षा १-८ "हाम्रो पुथा उत्तरगङ्गा" शैक्षिक वर्ष २०८२ मा कक्षा २,३,७ र ८ मा सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सबै वडाहरुमा क्रमशः डिजिटल साक्षरता र वित्तीय साक्षरता कार्यक्रम सञ्चालनको लागि प्रक्रिया अगाडी बढाइने छ ।
- विद्यार्थीहरुलाई खेलकुद र संगित क्षेत्रमा सक्रिय बनाउन गाउँपालिका भित्र रहेका सामुदायीक विद्यालयहरुमा खेलकुद र संगित प्रशिक्षक व्यवस्थापन गरी आलोपालो प्रणालीबाट विद्यालयमा खटाइनेछ ।
- सामुदायिक विद्यालयहरुमा गठित बालक्लवहरुलाई सक्रिय बनाउन अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।
- सबै शिक्षक तथा कर्मचारीहरुको पोसाकमा एकरुपता ल्याउन गाउँपालिका करार शिक्षकहरुलाई समेत पोसाक भत्ता उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।
- गाउँपालिका स्तरीय सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम सञ्चालन तथा उत्कृष्ट खेलाडि छनोट र खेलाडि सम्मान कार्यकम्रलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका भित्रको शैक्षिक गतिविधि सञ्चालन तथा सम्प्रेषण गर्न शैक्षिक वर्षको शुरु तिर प्रकाशन गरिने शैक्षिक क्यालेन्डरलाई निरन्तरता दिदै शैक्षिक दर्पण प्रकाशन गरिनेछ ।
- **"पुथा उत्तरगङ्गा बासीको एकमात्र चाहानाः शैक्षिक रुपान्तरण हामी सबैको कामना"** भन्ने मूल नारा लाई आत्मासाथ गरी शिक्षण सिकाइ सहजिकरण सम्बन्धी शिक्षा क्षेत्रमा काम गर्ने निकाय तथा व्यक्तिहरु सँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयमा विद्यार्थीहरु लाई अनुशासन, सक्रिय तथा शिक्षा प्रति अभिरुचि पैदा गर्न सहज बनाउने अभिलाषाको साथ् **एक माध्यमिक एक स्काउट ट्रप कार्यक्रम सञ्चालनार्थ,** यो वर्ष कक्षा १-१२ सञ्चालित विद्यालय श्री महेन्द्र मावि तकसेरा र श्री पर्वत मावि कोल मा कार्यक्रम कार्यान्वय गर्ने व्यवस्था मिलाईनेछ ।
- **एक गाउँपालिका एक प्राविधक शिक्षा** नेपाल सरकारको नीति तथा कार्यक्रमको उच्च मूल्याङ्कन गर्दै यस गाउँपालिका भित्र रहेको श्री महेन्द्र माध्यमिक विद्यालयमा कक्षा ९-१२ सम्म पशु विज्ञान कार्यक्रम सञ्चालनको लागि सङ्घ तथा प्रदेश सरकार समक्ष आवश्यक प्रकिया पुरा गर्न पहल गरिनेछ । साथै गाउँपालिकाको शैक्षिक स्तर उकास्न शिक्षा संकाय अन्तर्गत स्नातक तह कक्षा सञ्चालनको लागि भौतिक पूर्वाधार तथा अनुमतिका लागि सम्बन्धीत निकायमा पहल तथा प्रक्रिया अगाडी बढाईनेछ ।
- अन्य पालिकाको शैक्षिक उपलब्धी सिक्न अन्तरपालिका स्तरीय मावि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।
- युवा नेतृत्व, क्षमता विकास तथा आयआर्जनमूलक कार्यक्रममा युवा सक्रिय कार्यक्रम सञ्चालन गरिनेछ ।
- मावि तथा आवि विद्यालयहरुमा सेनेटरी प्याड व्यवस्थापन गर्न डिसपोजल मेसिनको व्यवस्थापन गरिनेछ ।

- आगामी आर्थिक वर्ष सबै सामुदायिक विद्यालयहरूका विद्यार्थीहरूको पोशाकमा एकरुपता ल्याइनेछ । साथै बालविकास शिक्षक तथा कर्मचारीहरु र विद्यालय सहयोगीहरूलाई दिईंदै आएको थप पारिश्रमिकलाई निरन्तरता दिइनेछ ।
- शैक्षिक वर्ष २०८१ देखि गाउँपालिकाको शैक्षिक गुणस्तरलाई वृद्दि गर्न एवम् परीक्षालाई मर्यादित, व्यवस्थित र विश्वसनीता बनाउनका लागि कक्षा ४ देखि ९ सम्म गाउँपालिकास्तरीय अर्धवार्षिक र वार्षिक परीक्षा सञ्चालन गरिनेछ ।
- बालबालिकालाई बालमैत्री पूर्वाधारहरुमा पठनपाठन गराउन बाल विकास केन्द्रहरुलाई व्यवस्थित गरिनेछ भने अन्य विद्यालयको पूर्वाधारहरुलाई विद्यार्थी मैत्री बनाउँदै लगिनेछ । यसैगरी गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा पुस्तकालय, डिजिटल ल्याब तथा प्रयोगशालाहरु निर्माण गर्दै लगिनेछ ।

- कक्षा १-५ का विद्यार्थीहरुलाई विद्यालयमा आकर्षित गरी विद्यालयमा टिकाई राख्न दिवा खाजा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । विद्यालयमा अनिवार्य रूपमा स्थानीय तहभित्र उत्पादित खाद्य पदार्थबाट विभिन्न परिकारहरू निर्माण गरि दिवा खाजा खुवाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- शैक्षिक संस्थाहरुलाई विद्यार्थीमैत्री बनाउँदै लगिनेछ भने आगामी आर्थिक वर्ष पुराना शैक्षिक संस्थाहरुको मर्मत सम्भार गर्ने र नयाँ संरचनाहरुको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- आर्थिक वर्ष २०८२/०८३ मा सम्पूर्ण विद्यालयहरुले आफ्नो त्रैमासिक प्रगति प्रतिवेदन नियमितरुपमा गाउँकार्यपालिकामा पेश गर्नुपर्ने नीतिलाई निरन्तरता दिइनेछ । जसलाई सम्बन्धित विद्यालयका कर्मचारीको कार्यसम्पादनसँग जोडी मूल्याङ्कन गरिनेछ ।
- पुथा उत्तरगङ्गा गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्दिको लागि प्रचलित शिक्षा ऐन, नियमावली र गाउँपालिकाबाट निर्माण भएका प्रचलित कानुन बमोजिम विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया, शिक्षक अभिभावक सङ्घ गठन प्रक्रिया र प्रधानाध्यापक छनौट प्रक्रियालाई थप व्यवस्थित गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका सामुदायिक सिकाइ केन्द्रहरूलाई सक्रिय रुपमा सञ्चालनको लागि सामुदायिक सिकाइ केन्द्र मापदण्ड, २०८० को अधीनमा रहि परिचालिकाहरूको काम तथा कार्यक्षेत्रलाई थप सुदृढ गरिनेछ ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

- **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**
- स्वस्थ जनशक्ति समृद्ध राष्ट्र निर्माणको आधार भन्ने भनाईलाई आत्मासाथ गर्दै आफ्ना नागरिकहरुलाई आधारभुत स्वास्थ्य सेवाको पहुँचमा पुऱ्याउन पुथा उत्तरगङ्गा गाउँपालिका तत्पर रहि आएको छ । घरसम्मै आधारभुत स्वास्थ्य सेवा दिन **शहीद स्मृति स्वास्थ्य कार्यक्रम**लाई निरन्तरता दिँदै थप कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसैगरी **अति विपन्न परिवार र सुत्केरी महिला लाई निशुल्क एम्बुलेन्स** सेवा दिइनेछ र एम्बुलेन्स सेवालाई थप प्रवाहमूखी बनाउन गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन एवम् व्यवस्थापन कार्यविधि कार्यान्वयन गरिनेछ । साथै माथिल्लो क्षेत्रका अति विपन्न परिवारका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न एम्बुलेन्स खरिदका लागि बजेट बिनियोजन गरिनेछ ।

- आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवा सम्पुर्ण नागरिक सम्म पुर्याउनको लागि विपन्न परिवार र स्वास्थ्य संस्थामा पहिलो सन्तानको रूपमा छोरी जन्माउने आमाको लागि निशुल्क स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ भने उच्च रक्तचाप, मधुमेह, मृगौला खराबी लगाएतका जटिल रोगहरुको समयमै पहिचान गर्न साथै गर्भवती तथा सुत्केरी आमाको स्वास्थ्य जाँच, बालबालिकाहरुमा कुपोषणको अवस्था, अपाङ्ग तथा ज्येष्ठ नागरिकको स्वास्थ जाँच जस्ता नियमित स्वास्थ्य सेवाहरु प्रवाह गर्न डाक्टर सहित **घुम्ती स्वास्थ्य शिविर** सञ्चालनलाई गरिनेछ ।
- गाउँपालिका भित्रका गर्भवती महिलाहरूलाई नियमित निगरानीमा राख्न आर्थिक वर्ष २०७९।०८० देखि **गर्भवतिसँग उपाध्यक्ष कार्यक्रम** सञ्चालनहुँदै आएकोमा आगामी आर्थिक वर्षमा यो कार्यक्रमलाई निरन्तरता दिँदै गर्भवति महिलाहरूको निरन्तर जाँच, निशुल्क ल्याब सेवा, घुम्ती अल्ट्रासाउण्ड एवम् उपचार लगाएतका सेवाहरु उपलब्ध गराईनेछ । साथै सामुदायिक स्वास्थ्य संस्थामा हुने प्रसूतिलाई प्रोत्साहन गर्दै शून्य होम डेलिभरी घोषणा गर्न स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयं सेविका र आमा समूहका सदस्यहरूको भूमिका प्रभावकारी बनाउन क्षमता अभिवृद्दि कार्यक्रम सञ्चालन गरिनेछ र स्वास्थ्य स्वयमसेविकाको सहजताका लागि आवश्यक सामाग्री उपलब्ध गराइनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्दै सुनौला हजार दिनका आमाहरुलाई पोषणजन्य सामग्रीहरु र फोनबाटै पोषण परामर्श र मनोपरामर्श दिने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाका हरेक क्षेत्रहरुलाई चेली मैत्री बनाउँदै लगिनेछ । सार्वजनिक तथा अन्य स्थलहरुमा महिला तथा किशोरीहरुलाई पर्ने जस्तासुकै अफ्ठ्यारामा सहायताको लागि **चेलीसँग उपाध्यक्ष कार्यक्रमलाई** प्रभावकारी ढङ्गमा कार्यान्वयन गरी हटलाईन मार्फत गुनासो सम्बोधन गर्ने वातावरण मिलाईनेछ । यसैगरी किशोरी अवस्थामा आउने आकस्मिक परिवर्तनहरुको बारेमा उनीहरुलाई परामर्श सेवा उपलब्ध गराईनेछ ।
- हरेक जनताले गुणस्तरीय स्वास्थ्य सेवाको महसुस गर्नेगरी पर्याप्त औषधि एवम् औषधिजन्य सामानहरुको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाका सबै भेगलाई समेट्ने गरी प्राथमिक स्वास्थ्य केन्द्र, कोल, आधारभूत अस्पताल तकसेरा, स्वास्थ्य चौकी हुकाम र स्वास्थ्य चौकी रिबाङचौरमा ल्याब सेवा सुचारु भइरहेकोमा आगामी आर्थिक वर्षमा मैकोट स्वास्थ्य चौकी र राङ्सी स्वास्थ्य चौकीमा पनि यो ल्याब सेवा सुचारु गरिनेछ । साथै गाउँपालिका भित्र रहेका बर्थिङ सेन्टरहरुमा आवश्यक संरचनाहरु निर्माण गरी व्यवस्थित गर्दै थप बर्थिङ सेन्टरहरु निर्माण गरिनेछ ।
- विक्रम संम्वत २०७९ साल वैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचन पश्चात निर्वाचित पदाधिकारीहरूको गाउँ कार्यपालिका बैठकको पहिलो निर्णयलाई थप कार्यान्वयन गर्न यस गाउँपालिका भित्र रहेका उच्च रक्तचाप, मधुमेह लगाएतका दीर्घ रोगीहरूका लागि घरमै पुगेर निशुल्क औषधि वितरण गरिनेछ ।
- नेपाल सरकारको प्रोटोकलमा आधारित ११ प्रकारका निशुल्क खोपलाई गाउँपालिका अन्तर्गतका १८ वटा खोप केन्द्रहरूमार्फत व्यवस्थित र प्रभावकारी एवम् जनताको पहुँचमा पुग्ने गरी कार्यान्वयन गरिनेनेछ र डिमुरगैरा, काडाँ, घुन्मा, पदमी, चुमा र हार्दिबाङमा खोप केन्द्र स्थापना गरिनेछ ।

- विभिन्न प्रकारका दीर्घ, सरुवा तथा नसर्ने रोगहरुबारे नागरिकहरुमा सचेतना फैलाउन अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुका साथै स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई परिचालन गरेर स्वास्थ्य तथा सरसफाई सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सामुदायिक एवम् संस्थागत विद्यालयहरूमा अध्ययनरत बालबालिकाहरूलाई सम्बन्धित विद्यालय स्थानसम्म पुगी वर्षको कम्तिमा ३ पटक स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ । विभिन्न घटनाका कारणबाट मृत्यु भएका सवको गाउँपालिका भित्रनै पोष्टमार्टम गर्ने व्यवस्था मिलाई प्रभावकारी ढङ्गले कार्यन्वयन गरिनेछ ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

- ❖ **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**
- नेपालको संविधानले प्रदत्त गरेका छुवाछूत तथा भेदभाव विरुद्धको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक सुरक्षाको हक तथा सामाजिक न्यायको हक लगाएतका मौलिक हक अधिकारको सुनिश्चितता गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।साथै महिला, दलित, आदिवासी जनजाती, अल्पसङ्ख्यक, अपाङ्ग, ज्येष्ठ नागरिक, एकल महिला र बालबालिकाको लागि क्षमता विकास तालिम र दलित समुदायका लागि सीपमूलक तालिम सञ्चालन गरिनेछ ।
- यस गाउँपालिकाभित्र विभिन्न खालका लैङ्गिक हिंसाहरू न्यूनीकरण गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धीको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- यस गाउँपालिकामा आगामी आर्थिक वर्ष २०८२/०८३ मा हुने सेवा करारमार्फत पदपूर्ति लागि विज्ञापन आह्वान गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले आह्वान गर्नुपर्ने नीति लिएकोछु ।
- यस गाउँपालिका भित्र जग्गा नामसारी गर्दा महिलाको नाममा नामसारी गर्न प्रोत्साहन गरिनेछ । साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विभिन्न खालका अभिमूखीकरण कार्यक्रम सञ्चालन गरी गाउँपालिका भित्र बसोबास गर्ने सम्पूर्ण नागरिकलाई थप शिक्षित गराइनेछ ।
- आगामी आर्थिक वर्ष २०८२/०८३ देखि यस गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सेवा प्रवाह गर्न सम्बन्धित शाखालाई व्यवस्थित गरिनेछ भने सम्बन्धित शाखाको कर्मचारीलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण फोकल पर्सन रहने नीति अवलम्बन गरिनेछ ।
- विभिन्न प्रकारका घरेलु तथा सामाजिक हिंसाको शिकार भएका महिलाहरुको लागि गाउँपालिकाको केन्द्रमा स्थापना भएको **सेफ हाउस** लाई व्यवस्थापन गरिनेछ ।
- गाउँपालिकाको न्यायिक समितिको अधिकार क्षेत्रभित्र पर्ने विवादहरुको निरुपणमा सहजीकरण गर्न न्यायिक इजलास निर्माण एवम् व्यवस्थित तरिकाले सञ्चालन गरिनेछ भने प्रत्येक वडाहरुमा गठित मेलमिलाप समितिहरुलाई पुनर्ताजगी तालिमको व्यवस्था गराइनेछ । दलित समुदायले परम्परादेखि सञ्चालन गर्दै आएका व्यवसायहरुलाई व्यवसायिक र आधुनिक बनाउँदै लगिनेछ
- जनयुद्ध तथा विभिन्न आन्दोलनमा गोलीको छर्रा लागि घाईते भएका र परिचयपत्र प्राप्त नगरेका व्यक्तिहरुको उच्च कदर गर्दै औषधि उपचारको लागि सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।

- द्वन्दकालमा आफ्ना आमा बुवा गुमाएका सन्ततीहरुलाई छात्रवृद्धि उपलब्ध गराईनेछ ।
- महान जनयुद्ध र विभिन्न आन्दोलनको क्रममा आफ्नो ज्यानको बलिदान दिनुभएका महान शहीदहरुको सम्झनामा शहीद परिवारहरु र घाईते तथा अपाङ्गहरुलाई योगदानको उच्च कदर गर्दै सम्मान गरिनेछ ।
- समाजमा रहेका विभिन्न प्रकारका कुरीति, कुप्रथा, जातीय तथा लैङ्गिक विभेद र सबै प्रकारका विभेदहरु न्युनिकरण र निर्मुल पार्न सचेतना कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।
- किशोर किशोरी र बालबालिकाको हक अधिकारका लागि एकीकृत बाल कोषलाई निरन्तरता दिइनेछ ।
- स्थानीय सरकार मार्फत सामाजिक सुरक्षा, राहत, स्वरोजगार, शिक्षा, स्वास्थ्य, लगायतका कार्यक्रमहरु अति विपन्न परिवार समक्ष पुराउनका लागि **अति विपन्न परिवार पहिचाँन मापदण्ड** तयार गरी प्रत्येक वडामा अति विपन्न परिवारहरुको सूचिकरण गरिनेछ ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को सामाजिक न्याय एवम् सामाजिक सुरक्षासम्बन्धी नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- नेपालको संविधानको धारा ४२ बमोजिम दलित, यौनिक तथा अल्पसङ्ख्यक, श्रमिक, उत्पीडित, पिछडिएका क्षेत्रका नागरिक लगायत विपन्न तथा लक्षित वर्गलाई समावेशी सिद्दान्तका आधारमा राज्यका निकाय, शिक्षा, स्वास्थ्य, आवास, रोजगारीमा समान सहभागिताको हकको प्रत्याभूति गराइनेछ ।
- नेपालको संविधानको धारा ४३ बमोजिम आर्थिक रूपले विपन्न, अशक्त र असहाय, जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक प्रत्याभूति गराइनेछ ।
- सङ्घीय सरकारमार्फत यस गाउँपालिकाले सामाजिक सुरक्षा वापत उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई डिजिटल माध्यममा सरल र सहज ढङ्गबाट वितरण गरिने व्यवस्था मिलाइने छ ।
- यस गाउँपालिकामा घट्ने विभिन्न खालका हिंसा न्यूनीकरणका लागि सम्बन्धित निकायहरुसँगको समन्वयमा गाउँपालिका भित्रका प्रत्येक स्थानमा बसोबास गर्ने जनताको जिउधनको पूर्ण रूपमा रक्षा गर्ने एवम् सुरक्षा गर्न गाउँपालिकाले आवश्यक प्रक्रिया अगाडि बढाउने कार्यनीति अपनाएको छु ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को भवन, शहरी विकास तथा भौतिक पूर्वाधार सम्बन्धी नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- यस पुथा उत्तरङ्गा गाउँपालिकामा बन्ने सम्पूर्ण भवनहरु,**सहरी विकास मन्त्रालय** बाट जारी भएको **भवन निर्माण मापदण्ड** बमोजिम निर्माण गरिने छ ।साथै वडा नं. ३ को वडा कार्यालय लगायत अन्य भवनहरु निर्माण गर्दा पराम्परागत संस्कृती झल्किने गरी स्थानीय श्रोत साधनको प्रयोग गरी निर्माण गरिनेछ ।
- यस पुथा उत्तरगङ्गा गाउँपालिकालको निर्माणाधीन अवस्थामा रहेको प्रशासनिक भवन आर्थिक वर्ष २०८२।०८३ भित्र तिब्र गतिमा निर्माण कार्य सम्पन्न गरी जनतालाई आफ्नै प्रशासनिक भवनबाट सेवा प्रभाह गर्ने व्यवस्था मिलाइने छ।

- पुथा उत्तरगङ्गा गाउँपालिकामा रहेका विभिन्न स्वास्थ्य संस्थाहरुको स्तरोन्नति गर्दै सेवा विस्तार गरिनेछ । स्वास्थ्य संस्थाहरुको बर्थिङ सेन्टर, आकस्मिक कक्ष, ल्याव सेवा, भिडियो एक्सरे, साधा एक्सरे सेवा लगाएत ओपिडि कक्षहरु व्यवस्थित गरिनेछ । साथै गाउँपालिकाको १५ शैया अस्पताल आर्थिक वर्ष २०८२।०८३ भित्र निर्माण कार्य सम्पन्न हुने गरी निर्माण कार्यमा तिब्रता दिइनेछ ।
- पुथा उत्तरगाङ्गा गाउँपालिकाको वडा नं. १० तक स्वास्थ्य चौकी भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ र वडा नं. १४ राङ्सीमा स्वास्थ्य चौकी भवन निर्माण गरिनेछ ।
- प्रदेश सरकार सामाजिक भवन डिभिजन कार्यालयबाट निर्माण कार्य सम्पन्न नभएर अलपत्र परेका विद्यालय भवनहरूलाई निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- गाउँपालिकालाई पर्यटन क्षेत्रको रूपमा विकास गर्न यस गाउँपालिका भित्रका सम्भावित विभिन्न स्थानहरुमा एकीकृत नमुना बस्ती विकास कार्यक्रमको थालनी गरिनेछ ।साथै सम्भावित स्थानहरूलाई यस गाउँपालिकाको मौलिकता सहितको विस्तृत सम्भाव्यता अध्ययन गरी ग्रामीण सहर विकास निर्माण कार्य थालनी गरिनेछ ।
- उपभोक्ता समितिबाट निर्माण हुने भौतिक पूर्वाधारहरुमा स्थानीयको अपनत्व बोध गराउन उपभोक्ता समितिलाई नै जिम्मेवार बनाउने नीति लिईनेछ । साथै यस्ता आयोजनाहरुको गुणस्तरता अभिवृद्धि गर्न उपभोक्ता समितिहरुलाई योजना निर्माण गर्नु अगावै विशेष तालिमको व्यवस्था गरिनेछ । यसैगरी आगामी आर्थिक वर्ष देखि रु२० लाख भन्दा बढि लागत अनुमान भएका सबै आयोजनाहरुको खरिद बोलपत्र माध्यमबाट गरिनेछ ।
- पुथा उत्तरगङ्गा गाउँपालिकामा निर्माण हुने भवन संरचनाहरुलाई गुणस्तरीय एवम् भुकम्प प्रतिरोधक बनाउन जोड दिइनेछ ।
- पुथा उत्तरगङ्गा गाउँपालिकाभित्र आगामी वर्ष देखि निर्माण हुने सबै खालका सरकारी भवनहरू बालमैत्री, अपाङ्गमैत्री र लक्षित समुह उन्मुख हुनेगरी निर्माण गरिनेछ भने यस्ता खालका भवनहरू यस गाउँपालिकाको मौलिक परम्परा झल्किने गरी निर्माण गरिनेछ ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

- ❖ **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को सडक,पुल र सिँचाई कुलोको निर्माण एवम् विस्तार सम्बन्धी नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**
- पुथा उत्तरगङ्गा गाउँपालिकाको अधिकांश क्षेत्र उच्च हिमालमा पर्ने भएकोले भौगोलिक जटिलताको कारण अत्याधुनिक र भव्य संरचना बनाउन गाउँपालिकासँग पर्याप्त बजेट नभएको बेहोरा स्मरण गर्दै गाउँपालिकाले आफ्ना नागरिकका विकासका आधारभुत आवश्यक्ताहरुको परिपूर्ति गर्न विभिन्न संरचनाहरु निर्माण गर्दै आइरहेको छ । चालु आ.व. २०८१/०८२ मा वडा नं. १,३,४,८ र ९, मा सडक पर्याउन गाउँपालिका सफल भएको छ भने उक्त सडकहरुको स्तरोन्नतीको लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार बाट श्रोत समेट सुनीचित भइसकेको हुदा प्रभावकारी कार्यन्वयका लागि सहजिकरण गरिनेछ । साथै सडक नपुगेका वडाहरुमा वडा कार्यालयको केन्द्र सडक पुर्याउन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- वडा नं. १० र ११ जोड्ने उत्तरगङ्गा नदि, वडा नं. ६ र ९ जोड्ने सानोभेरी नदि र वडा नं. ५ र १ जोड्ने सानोभेरी नदिमा बिलिब्रिज पुल निर्माणको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

- दाङको घोराही, रोल्पाको थवाङ र भूमे गाउँपालिकाको काँक्री देखि तकसेरा-हुकाम-मैकोट-डोल्पा सहरतारा हुँदै छिमेकी मुलुक चीन सम्म जोड्ने शहीद मार्गअन्तर्गत यस गाउँपालिकाभित्र कात्री देखि हुकाम खण्डको ५२ किलोमितर र हुकाम देखि मैकोट सम्मको १२ किलोमिटर सडक स्तरोन्नतिको लागि शहिद मार्गले डिपिआर समेट गरिसकेको छ भने उक्त सडक खण्डलाई आ.व. २०८२/०८३ मा कालोपत्रे को लागि संघीय सरकार, प्रदेश सरकार र सहिद मार्गसँग आवश्यक समन्वय, सहकार्य गरिनेछ ।
- पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. २ लाई सडकको पहुँचमा पुर्याउन काजरजङ्ग पेल्मा सडक निर्माणको लागि आवश्यक बजेट विनियोजन गरिनेछ र गर रिसल्ला सडक निर्माण गरिनेछ । साथै मैकोट पुच्छर यामाखार हुदैं पेल्मा सम्म सडक निर्माण गरिनेछ ।
- मानम,चारगाउँ,खारबाङ,अर्जल,रन्मा,मैकोट,पेल्मा.ढोरपाटन हुदै माग्दी जोड्ने सडक ट्र्याक खोल्न सङ्घीय सरकारबाट बजेट विनियोजन भएकोले उक्त बजेटलाई बहुवर्षिय ठेक्का मार्फत सडक विस्तार गर्न पहल गरिने छ ।
- क्यूबाङ-कोल-राङ्सी-नाखा-जामाबगर हुँदै चारगाऊँ जोड्ने सडकको विस्तार र स्तरोन्नति गर्ने कार्यलाई बहुवर्षिय ठेक्का मार्फत गर्न पहल गरिनेछ ।

- पर्यटनको दृष्टिकोणले निकै सम्भावना बोकेको रुकुमकोट-बालुवा-देउखोला-मानम-त्रिवेणी-तकसेरा-दम्चन-ढोरपाटन सडक निर्माणको लागि आर्थिक २०८२/०८३ मा सङ्घीय सरकारबाट बजेट विनियोजन भएकोले उक्त बजेट तकसेरा-दम्चन-ढोरपाटन बाग्लुङ खण्डमा कार्यान्वयन गराउन विशेष पहल गरिनेछ ।
- करिब ७०० मिटर मात्र सडक सञ्जालमा जोडिन बाँकी रहेको सम्जेदाडा-त्रिवेणी सडक निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सँगको साझेदारीमा कोल-बालुवा-पडमी जोड्ने सडक, ओख्मा त्रिवेणी सडक, पदमी सम्जेदाडा सडक, डिमुरगैरा रिङउते सडक, कोल त्रिवेणी सडक, तुँपा तातुँ सडकहरुको स्तरोन्ती गरी यातायातमा सहज बनाइनेछ । साथै स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सँगको साझेदारीमा नावरखोला हुकाम गर सिचाई आयोजना लगायत खानेपानी योजना निर्मान तथा जलविद्युतहरु मर्मत गरिनेछ ।
- कोल गाउँबाट सिद्धह बराह जोड्ने कृषि सडक निर्माणका लागिका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- भूमे गाउँपालिका देखि पुथा उत्तरगङ्गा जोड्ने छोटो दुरीको सडक झुम्लाबाङ-नाबाङ- राङ्सी हुदै कोल तकसेरा जोड्ने सडकको लागि संघीय सरकारबाट बजेट विनियोजन भएकोले कार्यन्वयनका लागि सहजिकरण गरिनेछ ।
- शहीद मार्ग अन्तर्गत तकसेरा उत्तरगङ्गा नदीमा निर्माण हुने ८० मिटरको मोटरेबल पुल र ओख्मा-घट्टेखोला मोटरेबल पुल हालसम्म अलपत्र परेकोले उक्त मोटरेबल पुल निर्माणका लागि संघीय सरकार प्रदेश सरकारसँग विशेष पहल गरिनेछ ।
- पूर्वाधारको पनि पूर्वाधार मानिने सडक क्षेत्रलाई सबै नागरिकको पहुँचमा पुऱ्याउनु गाउँपालिकाको प्रमुख लक्ष्य हो । यस पुथा उत्तरगङ्गा गाउँपालिकाभित्र रहेका विभिन्न नदीहरूमा मोटरेबल पुल निर्माण नभइ आवतजावतमा समस्या भएको छ । सेरा-घुम्लीबाङ जोड्ने उत्तरगङ्गा नदि, मानव-कासतार जोड्ने

सानोभेरी नदि, त्रिवेणी-जाङ जोड्ने सानोभेरी नदि, गर्खानी-बालुवा-पदमी जोड्ने उत्तरगङ्गा नदी, त्रिवेणी-ओख्मा लाई जोड्ने उत्तरगङ्गा नदी, गर-रन्मा जोड्ने सानोभेरी नदी, टिपइ दोभान-पेल्मा जोड्ने घस्तुङ नदी र यामाखार-पेल्मा जोड्ने पेलामा नदिहरूमा मोटरेबल पुल निर्माण कार्यको लागि सङ्घीय सरकार, प्रदेश सरकार र सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।

- पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ११ स्थित दम्चन घुम्लिबाङ जोड्ने झोलुङ्गे पुल र वडा नं. ३ किलापो सरिखुङ्ग खोला झोलुङ्गेपुलको निर्माण कार्य अगाडी बढाउन पहल गरिनेछ । साथै गाउँपालिकाका दुरदराजहरुमा जनताको आवतजावतमा सहजीकरण गर्न झोलुंगे पुल निर्माणको कार्य तीव्र रुपमा अगाडि बढाउन पहल गरिनेछ ।
- गाउँपालिका भित्रको यातायात क्षेत्रलाई व्यवस्थित र सर्वसुलभ बनाउन सार्वजनिक यातायात सेवा व्यवस्थित गरिनेछ भने भाडादरमा एकरुपता कायम गरिनेछ ।
- यसैगरी गाउँपालिकाका मुख्य मुख्य कृषि उत्पादन क्षेत्रहरुमा सिँचाईको व्यवस्था गर्न सङ्घीय सरकार र प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ ।
- संघीय सरकार र प्रदेश सरकार सरकारको आयोजनाहरुलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्नको लागि आवश्यक कार्य गरिनेछ ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ **आ.ब.म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को खानेपानी तथा सरसफाई सम्बन्धी नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- पुथा उत्तरगङ्गा बासीलाई शुद्ध र सुरक्षीत खानेपानी उपलब्ध गराउन खानेपानीका संरचनाहरुको मर्मत सम्भार एवम् निर्माणलाई जोड दिइनेछ । खानेपानीका मुहानहरुलाई संरक्षण गर्न वृक्षारोपण गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।
- सङ्घ र प्रदेश सरकारको सहयोगमा यस गाउँपालिका भित्रका विभिन्न क्षेत्रमा एक घर एक धारा अभियानले हालसम्म तीव्रता पाउन नसकेको अवस्थालाई ध्यानमा राखी उक्त योजनाका कार्यहरू छिटो, छरितो र गुणस्तरीय हुनेगरी पहल गरिनेछ। साथै खानेपानी क्षेत्रमा काम गर्ने कादुरी गोर्खा वैलफेयर लगायतका संस्थासँग समन्वय गरी खानेपानीको समस्यामा रहेका वडा टोलहरुमा खानेपानी योजनाहरु निर्माण कार्य गरिनेछ र संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र अन्य सहयोगी निकायहरु लगायत संघ संस्थाको सहयोगमा क्रमशः खानेपानी योजना निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- **सफा मुहान : स्वच्छ खानेपानी** भन्ने मान्यतालाई आत्मसाथ गर्दै खानेपानीका मुहानहरु सरसफाई गर्ने एवम् खानेपानीका मुहान वरपर फोहोरमैला नियन्त्रण गरिनेछ । यसैगरी दुषित खानेपानीको माध्यमबाट लाग्ने रोगहरुबारे सचेतना फैलाई मूहान संरक्षणमा स्थानीय बासिन्दालाई प्रोत्साहित गरिनेछ ।
- नागरिकहरुको सहजताका लागि सार्वजनिक स्थलहरुमा सार्वजनिक धारो, सार्वजनिक शौचालय तथा प्रतिक्षालयहरु निर्माण गरिनेछ । पुथा उत्तरगङ्गा गाउँपालिका यसअघि नै खुल्ला दिसा पिसाब मुक्त क्षेत्र घोषणा भइसकेको कुरालाई स्मरण गराउँदै गाउँपालिका भित्र अव्यवस्थित रूपमा रहेका शौचालयहरूलाई व्यवस्थित गर्दै जथाभावि रूपमा खुल्ला दिसा पिसाब नगर्न सर्वसाधारणलाई सचेत गराउने अभियान सञ्चालन गरिनेछ ।

यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,

- ❖ **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**
- यस गाउँपालिकाको सबै वडाहरूले फोहोरमैलालाई प्रत्येक हप्ताको शनिबार सबै सरकारी कार्यालयका कर्मचारी, राजनैतिकदल ,सरोकारवाला, नागरिक समाज, स्थानीय बासी, विभिन्न सङ्घ-संस्था जनप्रतिनिधिको सहभागितामा अनिवार्य सरसफाइ गरी डम्पिङ गर्ने कार्यलाई निरन्तरता दिनुका साथै प्रतेक वडा र टोलहरुमा अनिवार्य कुहिने र नकुहिने फोहोरहरुको छुट्टाछुट्टै डस्विन राखी फोहरलाई व्यवस्थापन गरिनेछ ।
- फोहोरमैलाको कारणले लाग्ने रोग सम्बन्धी जनचेतना दिइनेछ । विश्वव्यापरी रूपमा फैलिएको वायु प्रदुषण र जलवायु परिवर्तन जस्ता समस्यालाई मध्यनजर गर्दै प्लाष्टिक तथा सिसाजन्य पदार्थहरूको प्रयोगमा कमि ल्याउन तथा यस्ता पदार्थहरूलाई पुनःप्रयोग एवम् व्यवस्थापन गर्ने खालका योजना गरिनेछ ।
- पशुहरुको उचित व्यवस्थापन हुन नसक्दा पशुबाट उत्पादन हुने फोहोर र यस्ता फोहोरमैलाबाट लाग्न सक्ने विभिन्न रोगहरूको बारेमा सचेतना फैलाउँदै पशु चौपायाहरूको बासस्थानका लागि उचित व्यवस्थापन गर्न अभियान सञ्चालन गरिनेछ ।

यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,

- ❖ **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को राजश्व चुहावट प्रणालीमा सुधार र अर्थतन्त्रको प्रवर्द्दनसम्बन्धी नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**
- **"राजश्व अर्थतन्त्रको मूल आधार"** भन्ने नारालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न गाउँपालिकाको आन्तरिक राजश्व सङ्कलनलाई प्रभावकारी बनाउदै करको दायरालाई फराकिलो बनाइनेछ ।
- चालु आर्थिक वर्षको राजश्व सङ्कलन चुनौतीलाई मध्यनजर गर्दै आगामी आर्थिक वर्ष देखि प्रभावकारी ढङ्गले राजश्व चुहावटमा सुधार गरिनेछ । साथै गाउँपालिकाको को उपयुक्त स्थानमा राजश्व संकलन केन्द्र स्थापना गरी राजश्व संकलन गरिनेछ ।
- ढोरपाटन शिकार आरक्षले यस गाउँपालिकाको ६३ प्रतिशत भू-भाग भन्दा बढी भाग ओगटेको छ । यद्यपि आरक्षमा भएका सम्पूर्ण जीवजन्तुको संरक्षण गर्दै आइरहेको यस गाउँपालिकाले हालसम्म आरक्षबाट सङ्कलन हुने रोयल्टी वापतको रकम नपाएकोमा आगामी आर्थिक वर्षदेखि ढोरपाटन शिकार आरक्षबाट प्राप्त हुने रोयल्टी, टेलिकम टावर,र नदिजन्य पदार्थ, वनपैदावार, लगायत अन्य प्राकृतिक श्रोत साधनवापतको रोयल्टी प्राप्तिका लागि प्राकृतिक श्रोत तथा वित्त आयोग सिहंदरवार काठमाडौंमा आवश्यक पहल गरिनेछ ।
- यस गाउँपालिकाको समग्र राजश्वका आधारहरू जस्तै : यार्सागुम्बा लगायत अन्य जडिबुटिहरू, भिर मौरी वापत प्राप्त हुने राजश्व लगायत अन्य राजश्व संकलनमा सुधारका अन्य नीतिहरू लिइनेछ । साथै यस गाउँपालिका भित्रका सम्पूर्ण व्यापार व्यवसाय, वडाहरूबाट सङ्कलन हुने प्रशासनिक सेवा शुल्क वापतको राजश्व, सहकारी, व्यक्तिगत र संस्थागत फर्म, खुद्रा व्यापारीहरूलाई गाउँपालिकाको राजश्वको दायरामा ल्याई आर्थिक वृद्दि गरिनेछ भने गाउँपालिकाको आर्थिक ऐनलाई थप संशोधन गरिनेछ ।

यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,

- ❖ **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को वन, वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**
- यस गाउँपालिकाले निर्माण गरेको प्रथम आवधिक विकास योजनामा समावेश गरिएको भूगोलसम्बन्धी विभिन्न नक्साङ्कनको आधारमा विशेष प्रकारको कार्यनीति लिइनेछ ।
- हिउँद र वर्षायाममा गाउँपालिकाका सम्पूर्ण क्षेत्रहरूमा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षतिलाई न्यूनीकरण गर्न गाउँपालिकाले निर्माण गरेको गाउँ विपद् जोखिम न्यूनीकरण कार्यविधि प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ । साथै वन बातावरण तथा विपद व्यवस्थापन कोषलाई वृद्धि गरी निरन्तरता दिइनेछ ।

- पुथा उत्तरगङ्गा गाउँपालिकाको भु-बनोट र यहाँ रहेका विभिन्न खोलानालाहरुको कारण विभिन्न क्षेत्रहरुमा बाढि पहिरोको जोखिम रहेको छ । वर्षायाममा खोलानालाबाट हुने क्षति न्युनीकरण गर्न खोला किनारहरुमा ग्याबिन जाली लगाउने कार्यलाई जोड दिइनेछ । यसैगरी पहिरोको क्षति न्युनीकरण गर्न भिराला क्षेत्रहरुमा वृक्षारोपण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- गर्मीयाममा वनजङ्गलमा डढेलो लगाउने, वन फडानी गर्ने तथा वन पैदावारमा हानी पुऱ्याउने खालका मानवीय गतिविधिहरुलाई नियन्त्रण गर्दै वन जङ्गल, पानीका मुहानहरु संरक्षण गरिनेछ । यस गाउँपालिकाको क्षेत्रभित्र रहेको वनजङ्गलमा पाइने सम्पूर्ण वन्यजन्तुहरूको चोरी शिकारीमा रोक लगाउँदै वन्यजन्तु संरक्षणमा आवश्यक पहल गरिनेछ । दुर्लब अवस्थामा रहेका जिवजन्तुहरु जस्तै: रेडपाण्डा, कस्तुरी, नावर, झारल लगायतका जिवजन्तु संरक्षणको लागि आवश्यक नीति लिइनेछ ।
- प्लाष्टिकको अत्याधिक प्रयोग जलवायु परिवर्तनको मुख्य कारक तत्व रहेको स्मरण गर्दै गाउँपालिकामा प्लाष्टिक झोलाहरुको प्रयोगमा कमी ल्याउन नागरिकलाई सेचेत गराइनेछ भने वातावरण प्रदुषण गर्ने सबै प्रकारका गतिविधिहरुलाई नियन्त्रण गरिनेछ ।

यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,

- ❖ **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को सुशासन एवम् मानव संशाधन तथा संस्थागत विकास सम्बन्धी नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**
- नेपालको संविधानले प्रदत्त गरेको सूचनाको हकलाई कार्यान्वयन गर्न गाउँपालिकाबाट प्रवाह गरिने सम्पूर्ण सेवाको बारेमा नागरिकलाई जानकारी गराउन गाउँपालिका र वडा कार्यालयमा अद्यावधिक गरिएको नागरिक वडापत्र राखिनेछ ।साथै गाउँपालिकाका नियमित गतिविधिहरुलाई आम नागरिकको पहुँचमा पुऱ्याउन गाउँपालिकाको वेबसाईटलाई नियमित रुपमा अपडेट गरिनेछ।
- यस गाउँपालिकाका पदाधिकारी एवम् कर्मचारीहरूलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, विषयगत कानूनहरू, पालिकाले जारी गरेका अन्य कानूनहरूको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । यसबाट मानव संशाधनको क्षमता विकासमा थप वृद्दि हुने अनुमान गरेको छु ।

- गाउँपालिकाका कार्यपालिका सदस्य, सभाका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरूलाई कानूनको मस्यौदा तर्जुमा सम्बन्धी अभिमुखीकरण तथा गोष्ठी सञ्चालन गरिनेछ । साथै चेलिबेटी बेचबिखन विरुद्ध कार्यक्रम, यौनहिंसा विरुद्धका कार्यक्रम सञ्चालन गरिनेछ ।
- आगामी आर्थिक वर्षमा दरबन्दी अनुसारका स्थायी कर्मचारी सम्बन्धित निकायसँग माग गरिनेछ ।साथै **गाउँ प्रहरी व्यवस्थापन तथा सञ्चालन कार्यविद्धि २०८२** अनुसार आवश्यक मापदण्डको आधारमा गाउँपालिकामा गाउँ प्रहरीको व्यवस्था गरिनेछ । जसले गर्दा गाउँपालिकामा हुने विकृती विस्ङ्गती रोक्नुका साथै राजस्व संकलनमा थप प्रभावकारी हुने अपेक्षा लिएको छु ।
- गाउँपालिकाभित्र नयाँ आउने शिक्षक लगायत सम्पूर्ण स्थायी कर्मचारीहरूलाई कम्तीमा २ वर्ष अनिवार्य रूपमा गाउँपालिकामा सेवा तथा कार्यसम्पादन गरिसके पश्चात मात्र सरुवा सहमति प्रदान गरिने नीतिलाई निरन्तरता दिइने छ ।
- चुस्त, दुरुस्त र पारदर्शी कर्मचारी प्रशासन र जनउत्तरदायी जनप्रतिनिधित्व विकास गरी आम नागरिकहरुलाई सुशासनको प्रत्याभुति गराईनेछ ।साथै चालु प्रकृतिका खर्चहरु कटौती गर्दै पुँजीगत खर्च बढाउदै कार्यालय सञ्चालनमा मितव्ययिता प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह एवम् विकास निर्माणको कार्यलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्षमा आन्तरिक नियन्त्रण प्रणाली, राजश्व सुधार योजना तथा क्षमता विकास योजना तयार गरी कार्यान्वयन गर्दै लगिनेछ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई चुस्त र पारदर्शी एवम् पहुँचयोग्य बनाई राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण अद्यावधिक गरिनेछ ।
- सेवा प्रवाहलाई अझै प्रभावकारी बनाउन कर्मचारीहरुलाई क्षमता अभिवृद्दि सम्बन्धी तालिमको व्यवस्था गरिनेछ भने आवश्यक ज्ञान र सीप हासिल गर्न नमुना स्थानीय तहहरुमा अवलोकन भ्रमणमा जाने व्यवस्था मिलाईनेछ ।
- यस गाउँपालिकाको पदाधिकारी र कर्मचारीहरूको आचारसंहिता संशोधन गरी कार्यान्वयन गरिनेछ ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को वित्तीय सङ्घीयताको सुदृढीकरण एवम् सार्वजनिक वित्त प्रणालीमा सुधार र सेवा प्रवाहमा सुधार सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- गाउँपालिकाको समग्र भौतिक तथा वित्तीय प्रगतिको बारेमा प्रत्येक त्रैमासिक र वार्षिक रूपमा सार्वजनिक सुनुवाई कार्यक्रमको थालनी गरिनेछ ।
- गाउँपालिकाले गर्ने सेवा प्रवाहमा चुस्तता, दुरुस्तता एवम् पारदर्शिता ल्याई सुशासनको अपनत्व कायम राख्न गाउँपालिका मातहतका सम्पूर्ण विद्यालय र सार्वजनिक कार्यालय मार्फत वार्षिक योजना तथा कार्यक्रमको अर्धवार्षिक र वार्षिक रूपमा सामाजिक परीक्षण, सार्वजनिक परीक्षण गरिनेछ । साथै नियमित पत्रकार भेटघाट र **Wetsite** एवम् **Facebook Page** मार्फत सूचनाहरू सार्वजनिकीकरण गरिनेछ ।

- यस गाउँपालिकामार्फत तयार गरिएको वार्षिक योजनाहरूको गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठन भएको अनुगमन समिति मार्फत अनिवार्य रूपमा अनुगमन गरी अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरि पेश गरिनुपर्ने नीतिको अवलम्बन गरिनेछ।
- यस गाउँपालिकाको चालु खर्चको मात्रामा केही सुधार गरी बजेट पुँजीगत क्षेत्रतर्फ उन्मुख रहनेछ भने सार्वजनिक वित्त प्रणालीमा सुधारका लागि आवश्यक नीति अवलम्बन गरिनेछ ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को सूचना प्रविधि र सञ्चारको विकास एवम् विस्तारसम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- मुलुक सङ्घीय संरचनामा परिवर्तन भएसँगै रुकुम जिल्लालाई रुकुम पश्चिम भाग र पूर्वी भाग जिल्लामा स्थापित भएपश्चात रुकुम पूर्वी भागका ३ वटै स्थानीय तहहरूको लागत साझेदारमा रेडियो पूर्वी रुकुम एम.एम. सञ्चालन भएको रेडियोको प्रशारण क्षमता विस्तारका लागि आवश्यक पहल गरिनेछ ।
- सूचनाको हकको कार्यान्वयन गर्न गाउँपालिकाबाट नियमित हुने कार्यहरुको बारेमा रेडियो मार्फत नागरिकहरुलाई जानकारी गराइने छ। साथै गाउँपालिका बाट प्रवाह हुने सबै सेवाहरुलाई क्रमश प्रविधिमैत्री बनाउँदै लगिनेछ ।
- निर्मित टावरहरुमा पर्याप्त उर्जा व्याकपको व्यवस्था नहुँदा वर्षा र हिउँद याममा गाउँपालिकाका अधिकांश क्षेत्रहरु सञ्चार विहिन हुने समस्या दीर्घकालीन रुपमा समाधान गर्न सम्बन्धीत निकायसँग आवश्यक पहल गरिनेछ । साथै टेलिकम सेवा नभएको स्थानहरुमा सेवा विस्तार गर्न सरकारी तथा नीजि सेवा प्रदायकहरुसँग आवश्यक समन्वय र पहल गरिनेछ ।
- पुथा उत्तरगङ्गा गाउँपालिकाको सेवा प्रवाहलाई छिटो, छरितो एवम् परिणाममूखि बनाउन गाउँपालिका अन्तर्गतका सबै कार्यालयमा डिजिटल हाजिरी जडान गरी कार्यसम्पादनमा थप प्रभावकारी बनाइनेछ ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को खाद्य सुरक्षा एवम् पोषण सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- लुम्बिनी प्रदेशको एक मात्र हिमाली र अर्गानिक जिल्लाको रूपमा घोषणा भएको यस रुकुम पूर्व जिल्लाको पुथा उत्तरगङ्गा गाउँपालिका आफैमा हालसम्म विषादीको प्रयोग नगरी अर्गानिक खाद्य एवम् नगदेबालीहरूको उत्पादन गर्ने स्थानीय तह हो । स्थानीय फलफुल तथा अन्य नगदे बालीहरूबाट उत्पादित पदार्थहरूको प्रयोग बढाउन एवम् गाउँपालिका भित्रका अर्गानिक खाद्य तत्वबाट उत्पादित वस्तु र पेय पदार्थहरूको बजारीकरणमा थप सहयोग पुग्ने कुरा ध्यानाकर्षण गराउँदै गाउँपालिकाभित्रका प्रत्येक स्थानहरूमा विभिन्न रसायनहरूको प्रयोगबाट निर्मित खाद्य वस्तु, विभिन्न खालका जङ्क फूड र सिलबन्दी पेय पदार्थहरूलाई निरुत्साहन गरी गाउँपालिकाको अर्गानिक खाद्यवस्तु प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।
- खाद्य पदार्थको अभावबाट हुने कुपोषण जस्ता रोगहरू, मातृ शिशु मृत्युदर न्यूनीकरणका गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छु ।

- सङ्घीय सरकारको लागत साझेदारीमार्फत सञ्चालन भएको बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

- ❖ **अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को स्थानीय स्रोत साधनको प्रयोग, परिचालन तथा जगेर्ना सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**
  - पुथा उत्तरगङ्गा गाउँपालिकाले लागु गरेको सार्वजनिक कार्यालयहरूमा हुने कार्यक्रममा अतिथिहरूको स्वागत लगायतका कार्यक्रमहरूमा खादा, रातो टिका लगायतका स्रोतहरूको प्रयोगमा पूर्ण रूपमा बन्देज गरि स्थानीय कला, संस्कृति झल्किने खालका सामाग्री जस्तैः दुबो, पाटी दहि चामलको सेतो टिकाको प्रयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ । यसबाट स्थानीय स्रोत साधनको परिचालन भई जगेर्ना हुने अपेक्षा गरेको छु ।
  - हाल परम्परागत सीप, कला र साधनबाट निर्माण हुँदै आइरहेका सामाग्रीहरूको प्रयोग, संरक्षण र संवर्द्दन कार्यलाई गतिशील बनाउँदै यहाँको मौलिकता झल्किने गरी थप आकर्षित बनाइने छ ।
  - पुथा उत्तरगङ्गा गाउँपालिकाको आर्थिक समृद्दिका लागि विभिन्न खालका जडिबुटीहरू जस्तैः यार्सागुम्बा, जटामसी, पाँचऔंले, बिग्मा, कटुकी, अतिस, सटुवा, समायो, वन लसुन, पदम चाल, एकखुट्टे च्याउ, गुच्छी च्याउ जस्ता महत्वपूर्ण स्रोतहरूको उच्चतम प्रयोग गरि परिचालन कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

**अन्त्यमा,**

पुथा उत्तरगङ्गा गाउँपालिकालाई विकास र समृद्धिको यात्रातर्फ अग्रसर गराउन योगदान पुऱ्याउने विभिन्न राजनैतिक दलहरु, नागरिक समाज लगायत जनप्रतिनिधिहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी पुथा उत्तरगङ्गा गाउँपालिकाको समस्त आर्थिक, सामाजिक, भौतिक र बहु-आयामिक विकासमा आ-आफ्नो क्षेत्रबाट भुमिका निर्वाह गर्नुहुने राष्ट्रसेवक कर्मचारी, सरकारी तथा नीजि क्षेत्रका व्यक्तिहरु, बुद्धिजीवि, आम सञ्चार जगत साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घ संस्था तथा पुथा उत्तरगङ्गा गाउँपालिका विकासका साझेदारहरुलाई धन्यवाद दिन चाहन्छु । साथै गाउँपालिकाको नीति तथा कार्यक्रममा समावेश भएका विषयहरुको कार्यान्वयनमा रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद, नमस्कार !**

**पुनिराज घर्ती**
**गाउँपालिका अध्यक्ष**
**पुथा उत्तरगङ्गा गाउँपालिका**
**तकसेरा, रुकमु (पूर्वी भाग)**

पुथा उत्तरगङ्गा गाउँपालिका